**प्रदेश सभा**

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः०१**

**मितिः२०८०।०२।१७**

**छलफल तथा निर्णय**

निर्णय १

सुदूपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (२) बमोजिम सामाजिक विकास समितिको सभापतिको निर्वाचन नभएको अवस्थामा यस समितिमा मनोनयन हुनूभएका माननीय सदस्यहरु मध्ये सबैभन्दा जेष्ठ सदस्य माननीय शिवराज भट्टलाई अर्को व्यवस्था नभएसम्मका लागि जेष्ठ सदस्यमा चयन गर्ने र निजकै सभापतित्वमा समितिका बैठकहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय २

सामाजिक विकास समितिमा मनोनयन भै आउनु भएका माननीय सदस्यज्यूहरुका बिचमा परिचयात्मक कार्यक्रम गरि समितिको कार्यक्षेत्रका विषयमा जानकारी लिनुभई समितिमा मनोनयन सदस्यज्यूहरुको कार्यकालमा समितिका गतिविधिहरु प्रभावकारी र पारदर्शी हुन भनि शुभकामना दिने निर्णय गरियो ।

निर्णय ३

सामाजिक विकास समितिको कार्यविधि, २०७५ लाई अध्ययन पश्चात समितिका आगामी बैठकमा छलफल गर्ने प्रयोजनका लागि समितिका माननीय सदस्यज्यूहरुलाई वितरण गरियो ।

निर्णय ४

यस समितिको कार्यक्षेत्र भित्र पर्ने तपशिलमा उल्लेखित मन्त्रालयका माननीय मन्त्री र सचिवलाई सम्बन्धित मन्त्रालयको चालु आर्थिक वर्षमा संचालित कार्यक्रम कार्यान्वयनको अवस्था प्रष्ट पार्ने गरी हालसम्मको प्रगति विवरण र आर्थिक वर्ष २०८०।०८१ को बजेटमा के कस्ता नीति तथा कार्यक्रम समावेश गर्न प्रस्ताव गरिएका योजना सहितको विवरण तयार गरी देहाय बमोजिमको मिति, समयमा बस्ने समितिको आगामी बैठकहरुमा आमन्त्रणा गर्ने निर्णय गरियो।

**तपशिलः-**

सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश
मिति २०८०।०२।१८ गते बिहान

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश
मिति २०८०।०२।१८ गते बेलुकी